ललितपुर महानगरपालिका
[Nepal Bhasa script line]
Lalitpur Metropolitan City
Pulchowk, Lalitpur, Bagmati Province, Nepal

२०८२ पौष ३ गते
ने.सं. ११४६ थिंल्लागा चतुर्दशी

हार्दिक श्रद्धाञ्जली ।

सम्पदा, वातावरण र हरियाली प्रबर्द्धनमा निरन्तर लागिरहनु भएका अभियन्ता पूर्ण स्थापितको मिति २०८२ पौष २ गते भएको स्वार्गारोहणले ललितपुर महानगरपालिका अत्यन्तै मर्माहत र स्तब्ध भएको छ । ललितपुर महानगरपालिका वडा नं ६ निवासी उहाँको निधनले संरक्षणको क्षेत्रमा अहोरात्र खटिने, कहिल्यै नथाक्ने, संघर्षशील, निरन्तरताको पर्यायको अभाव सधैं महसुस भइरहनेछ । अतिक्रमणमा परेर मासिएको लगनखेलमा अवस्थित ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पर्यावरणीय महत्वको सप्तपाताल पोखरीलाई फिर्ता ल्याउन उहाँको नेतृत्वमा भएको करीब १५ वर्षसम्मको पहल र कानुनी लडाईं सामान्य थिएन । त्यो लडाईंमा विजय प्राप्त गरी अतिक्रमणमा परेको उक्त पोखरी जनतालाई फर्काउन उहाँले निर्वाह गर्नु भएको भूमिकाको म प्रशंसा गर्दै उच्च सम्मान व्यक्त गर्दछु । जनताको सम्पत्ति जनतालाई नै प्राप्त भएपछि उक्त पोखरीको पुनर्निर्माणको काम अहिले ललितपुर महानगरपालिकाले गरिरहेको यहाँ स्मरण गर्दछु । ललितपुरको विकासमा निरन्तर खटिने, चिन्ता र चिन्तन गरिरहने सम्पदाप्रेमी पूर्ण स्थापितले पुऱ्याउनु भएको योगदानको कदर गर्दै ललितपुर महानगरपालिकाले आफ्नो एक सय पाँचौ स्थापना दिवसको अवसरमा उहाँलाई महानगर गौरव पुरस्कार समेत प्रदान गरेको थियो । ८१ वर्षका पूर्ण स्थापित मृर्गौला रोगको उपचारमा हुनुहुन्थ्यो । उहाँको धर्मपत्नीको साढे तीन महिना अघि निधन भएको थियो । उहाँको १ छोरा र पाँच छोरी हुनुहुन्छ ।

ललितपुर महानगरपालिका यो अपूरणीय क्षतिको दुःखद क्षणमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दै धैर्य गर्न सक्ने शक्ति प्राप्त होस् भनी भगवानसँग प्रार्थना गर्दछु ।

चिरीबाबु महर्जन
नगर प्रमुख